# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

परराष्ट्र मन्त्रालयका सचिव श्री विश्व प्रधान बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका शिष्टाचार महापाल श्री विश्वेश्वरप्रसाद रिमाललाई मिति २०४२।३।१६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४२।१।३१ को निर्णयानुसार नेपाल इन्जिनीयरिङ्ग सेवा, केमेष्ट्री समूह, पदसंकेत व।वनस्प।वि।०८।५ को रा.प. द्वितीय श्रेणी, वनस्पति विभागका वैज्ञानिक अधिकृत डा. केदारप्रसाद रंजितकारलाई सोही सेवा, समूह तथा श्रेणी, शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्व विभागअन्तर्गतको केन्द्रीय संस्कृतिक सम्पदा संरक्षण प्रयोग शाखामा रिक्त रहेको पदसंकेत शि।पु।वि।०८।६ को संरक्षणविद् पदमा सरूवा गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४२।२।११ को निर्णयानुसार श्री दुर्गाबहादुर कारन्जीतलाई नेपाल इन्जिनीयरिङ्ग सेवा, केमिकल इन्जिनीयरिङ्ग समूह, रा.प. तृतीय श्रेणीको पदमा १ वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी नेपाल गुणस्तर कार्यालयमा रिक्त रहेको पदसंकेत उ।ने।गु।०७।६ को केमिकल इन्जिनीयर पदमा पदस्थापन गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०८